# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

मितिः- २०८०/०६/२२

## प्रेस विज्ञप्ति

यस याङवरक गाउँपालिका, थर्पु, पाँचथरमा कार्यरत कर्मचारीहरुसँग सम्बन्धित सामाजिक संजालमा पछिल्लो चरणमा व्याप्त भएको खबर प्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

सो घटना यस गाउँपालिकाका कार्यरत कर्मचारीहरु मध्ये दुई पक्षबिच भएको सामान्य विवाद तथा गलत बुझाई (Misunderstanding) ले गर्दा सिर्जित सामान्य प्रकृतिको घटना रहेको र सामाजिक संजालमा उल्लेख भए जस्तो गम्भीर कुटपिट नभएको र हाल आएर उक्त घटनाको सम्बन्धमा दुवै पक्षविच आपसी वार्तालाप तथा समझदारीमा समाधान भई सकेकोले सामाजिक संजालमा उक्त विषयलाई लिएर सत्यतथ्य नबुझी आवश्यकता भन्दा बढी गतल रुपमा टिका टिप्पणी गरी सिङ्गो गाउँपालिकाको अस्तित्व, स्वाभिमान, कार्यसम्पादन, कर्मचारी प्रशासन लगायतका विषयहरुमा प्रश्न चिन्ह खडा नगरीदिनु हुन सम्बन्धित सबैलाई अनुरोध गरिएको छ।

साथै, यस घटनाको विषयलाई लिएर अतिरञ्जित तरिकाले घटनाको विषयलाई तोडमोड गरी कर्मचारी तथा सिङ्गो गाउँपालिकाको मानमर्यादा, गरिमा तथा प्रतिष्ठा माथि आँच आउने गरी विभिन्न पत्रपत्रिका, संचार माध्यम तथा सामाजिक संजालमा अनावश्यक टिका टिप्पणी तथा भ्रामक समाचार सम्प्रेषण नगरिदिनु हुन पुनश्चः सम्बन्धित सबै पक्षलाई अनुरोध गरिएको छ।

अन्त्यमा, यस गाउँपालिकाबाट हुदैँ आएको सेवा प्रवाह, विकास निर्माण तथा कार्यसम्पादनमा चुस्त, दुरूस्तता कायम गर्दै यस भन्दा अगाडी प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै थप उपलब्धिहरु हासिल गर्नका लागि गाउँपालिका सदैब प्रतिबद्ध रहेको व्यहोरा समेत अनुरोध छ।

बाबा मेयाङ्बो
उपाध्यक्ष

भीम बहादुर योङ्या
अध्यक्ष